आज मिति २०८१ / ०४ / ०१ गतेका दिन यस चुमनुब्री गाउँपालिकाका अध्यक्ष श्री निमा लामाज्यु, को अध्यक्षतामा गाँउकार्यपालिकाको बैठक वसि तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | निमा लामा | अध्यक्ष | |
| २ | लक्ष्मी गुरुङ | उपाध्यक्ष | |
| ३ | कर्मा छेवाङ लामा | वडा अध्यक्ष | |
| ४ | मिङग्युर दोर्जे लामा | वडा अध्यक्ष | |
| ५ | राम कुमार गुरुङ | वडा अध्यक्ष | |
| ६ | पेमा ग्यलपो लामा | वडा अध्यक्ष | |
| ७ | कालेन छेवाङ लामा | वडा अध्यक्ष | |
| ८ | सरोज लामा | वडा अध्यक्ष | |
| ९ | टसी दोर्जे लामा | वडा अध्यक्ष | |
| १० | कुन्छोक डोल्मा लामा | कार्यपालिका सदस्य | |
| ११ | रुवेश घले | कार्यपालिका सदस्य | |
| १२ | गणेश बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १३ | छिरिङ भुटी लामा | कार्यपालिका सदस्य | |
| १४ | ढोल्मा लामा | कार्यपालिका सदस्य | |
| १५ | सुनाम साङमो | कार्यपालिका सदस्य | |
| १५ | मनोज लामिछाने | सदस्य-सचिव | |

अन्य उपस्थितिः

| क्र.स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गिरिजा प्रसाद रिजाल | लेखा प्रमुख | |
| २ | सन्दिप रेग्मी | सुचना प्रविधि शाखा प्रमुख | |

कार्यपालिका बैठक मिति : २०८१।०४।०१ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०३।३० गते।

मिति २०८१।०४।०१ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. कार्यविधिहरू स्विकृत गर्ने सम्बन्धमा।
२. तलबी प्रतिवेदन सम्बन्धमा।
३. बुढिगण्डकी फिलिम जोड्ने मोटरेबल पुल निर्माण सम्बन्धमा।
४. फर्निचर हस्तान्तरण सम्बन्धमा।
५. आवधिक योजना निर्माण गर्ने सम्बन्धमा।
६. बेनीघाट लार्के सडक निर्माण लागि बजेट थप गर्ने सम्बन्धमा।
७. आर्थिक सहायता सम्बन्धमा।
८. 4G टावर निर्माण गर्ने सम्बन्धमा।
९. चुमभ्याली बुद्धिजम पदमार्ग निर्माण सम्बन्धमा।
१०. शैक्षिक भ्रमणमा अनुदान दिने सम्बन्धमा।
११. न्यायिक समिति व्यवस्थापन सम्बन्धमा।
१२. सम्मान गर्ने सम्बन्धमा।
१३. हिमाल आरोहण रोयल्टी सम्बन्धमा।

निर्णयहरू

१. प्रस्ताव नं १ उपर छलफल गर्दा देहायबमोजिमका कार्यविधिहरू दफावार रूपमा छलफल गरी सर्वसम्मतले स्विकृत गर्ने निर्णय गरियो।
   क. पदयात्रा शुल्क संकलन सम्बन्धी कार्यविधि २०८१
   ख. कर्मचारी प्रोत्साहन, फिल्ड भत्ता, पर्यटन काज तथा आवास सुविधा सम्बन्धी कार्यविधि २०८१
   ग. होमस्टे सञ्चालन सम्बन्धी कार्यविधि २०८१
२. प्रस्ताव नं २ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकामा कार्यरत सम्पुर्ण स्थायी कर्मचारीहरूको आ व २०८०।८१ को तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो।
३. प्रस्ताव नं ३ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका केन्द्र अझै पनि सडक सञ्जालबाट नजोडिएको हुँदा गाउँपालिका केन्द्रलाई सकड सञ्जालबाट जोड्ने बुढिगण्डकी नदिमाथि पक्की मोटरेबल पुल निर्माण गर्न Design & Build मोडलको प्रयोग गरी निर्माण गर्नका लागि स्थानीय पूर्वाधार विभागमा अनुरोध गर्ने निर्णय गरियो।
४. प्रस्ताव नं ४ उपर छलफल गर्दा यसै गाउँपालिकालाई कार्यक्षेत्र बनाएर स्थापना भएका चुम कल्याण समिति र नुब्री समाज संस्थालाई फर्निचर, पार्टि चियर ११५ थान प्रति संस्था गरी कुल २३० थान खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो।

निमा लामा
अध्यक्ष

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको प्रथम पञ्चवर्षिय योजना आ व २०८०।८१ को असार मसान्तमा समाप्त भएको हुँदा उक्त आवधिक योजनाको समिक्षा तथा दोश्रो पञ्चवर्षिय आवधिक योजना निर्माणका लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो।

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा बेनीघाट लार्के रूईला भञ्ज्याङ उतर दक्षिण लोकमार्ग मोटरबाटो निर्माणका लागि आ व २०८१।८२ मा विनियोजन भएको बजेट अपुग हुने हुनाले नयाँ ट्र्याक निर्माणका लागि १० करोड बजेट थप गरिदिन संघीय भौतिक पुर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो।

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ७ मा विगत ३५ वर्ष देखि बस्दै आएका प्रकाश तामाङलाई स्रष्टा सम्मान शिर्षकबाट रू १ लाख नगद सहित सम्मान गर्ने र निजलाई आफ्नै घर भोजपुर सम्म ससम्मान पुराउने निर्णय गरियो।

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ३ आगाँ डाँडा, वडा नं ६ चुम्चेत र वडा नं ७ छेकम्पारमा 4G सेवा नपुगेको हुँदा 4G टावर निर्माणका लागि नेपाल टेलिकम वायरलेस सेवा नर्देशनालयमा लेखि पठाउने निर्णय गरियो।

९. प्रस्ताव नं ९ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका चुमभ्याली जानका लागि वैकल्पिक पदमार्गको रूपमा जगत-सल्लेरी-पाती-फिलिम-सर्स्यू-आगाँ-लोक्पा-सिप्चत हुँदै छेकम जोड्ने पदमार्गलाई चुमभ्याली बुद्धिजम ट्रेल नामाकरण गरी सरोकारवाला निकायहरूसँग समन्वय गरी निर्माण कार्य अघि बढाउने निर्णय गरियो।

१०.प्रस्ताव नं १० उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ३ फिलिम स्थित रहेको बुद्ध माध्यमिक विद्यालयलाई विद्यार्थी शैक्षिक अवलोकन भ्रमणका लागि रू १,५०,०००। अनुदान दिनका लागि गाउँपालिका भैपरी आउने चालु खर्च शिर्षकबाट बजेट व्यवस्था गर्ने निर्णय गरियो।

११.प्रस्ताव नं ११ उपर छलफल हुँदा चुमनुब्री गाउँपालिका न्यायिक समितिलाई थप क्रियाशिल तथा प्रभावकारी बनाउनका लागि न्यायिक समिति सचिवालयका लागि आवश्यक कार्यालय भवन, फर्निचर तथा अन्य व्यवस्थापकीय सामाग्रीहरू व्यवस्थापन गर्ने निर्णय गरियो।

१२.प्रस्ताव नं १२ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका भित्र रहेका देहायका संस्था तथा व्यक्तिहरूलाई सम्मान गर्ने निर्णय गरीयो।

| सि नं | संस्था वा व्यक्तिको नामथर | पद/ ठेगाना | पुर्याएको योगदान | गरिने सम्मान | कै |
|---|---|---|---|---|---|
| १ | ल्हो माध्यमिक विद्यालय | चुमनुब्री-२ ल्हो स्याला | २०८० को एस ई ई परिक्षामा गोरखा जिल्लामा उत्कृष्ट नतिजा ल्याउन सफल | नगद रू २० हजार र प्रशंसा पत्र | |
| २ | कादुरी नेपाल | | चुमनुब्री गाउँपालिकाका विविध स्थानमा लघुजलविद्युत तथा झोलुंगे पुल निर्माण गरेको | कदर पत्र | |
| ३ | धन बहादुर गुरूङ | निवर्तमान गा पा अध्यक्ष | गाउँपालिकाको विकास निर्माण तथा सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुर्याएको। | कदर पत्र | |

निमा लामा
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | कुमारी गुरूङ | निवर्तमान गा पा उपाध्यक्ष | गाउँपालिकाको विकास निर्माण तथा सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुर्याएको । | कदर पत्र | |
| ५ | गणेश भक्त त्रिपाठि | अधिकृतस्तर छैठौं, पोखरा २८ कास्की । | चुमनुब्री गाउँपालिका तथा यस क्षेत्रमा १४ वर्ष निजामती सेवामा रहि सेवा गरेकोमा । | नगद रू २० हजार र प्रशंसा पत्र | |
| ६ | हिरालाल गुरूङ | चुमनुब्री-३ फिलिम | स्वास्थ्य चौकी सिर्दिबासका लागि निशुल्क रूपमा जग्गा उपलब्ध गराए बापत । | कदर पत्र | |

१३.प्रस्ताव नं १३ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका भित्र पर्ने मनास्लु हिमाल आरोहण बापत संकलन हुने रोयल्टी बाँडफाँट मादी गाउँपालिका कास्कीलाई समेत Adjoining स्थानीय तह भनी प्राकृतिक स्रोत तथा वित्त आयोगले रोयल्टी बाँडफाँट गर्दै आएकोमा मादी गाउँपालिका कास्की, मनास्लु हिमालको Adjoining स्थानीय तह नभएको हुँदा उक्त गाउँपालिकालाई रोयल्टि वितरण नगर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई लेखी पठाउने निर्णय गरियो ।

निमा लामा
अध्यक्ष